# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७, संख्याः २१, मितिः २०८०/०९/२४

## भाग–१

## देवघाट गाउँपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०८०

देवघाट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०८०

गाउँ सभाबाट स्वीकृत मिति: २०८०/०९/२४
प्रमाणीकरण र प्रकाशन मिति: २०८०/०९/२४

देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम देवघाट गाउँपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०८० रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ को अनुसूची १२ मा संशोधन :** देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८० (त्यस पछि "मूल ऐन" भनिएको) को अनुसूची १२ मा देहाय बमोजिमको सेवा शुल्क तथा सिफारिस दस्तुर संशोधन तथा थप गरिएको छ :

(क) क्र.सं. ७ मा उल्लेख भएको "रु. १००/-" को सट्टा "रु. २००/-" राखी संशोधन गरिएको छ।

(ख) क्र.सं. ८ मा उल्लेख भएको "रु. ३५०/-" को सट्टा "रु.५००/-" राखी संशोधन गरिएको छ।

ग) क्र.सं. २८ पछि देहाय बमोजिम क्र.सं. २९ थप गरिएको छ :-

| क्र.सं. | विवरण | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| २९ | कन्सुलर प्रमाणित | ५००/- | |

**३. "मूल ऐन" को दफा १४ को अनुसूची-१३ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको छ :-**

(क) क्र.सं. ९ मा उल्लेख भएको "सात रुपैयाँ" भन्ने शब्दको सट्टा "नौ रुपैयाँ" राखी संशोधन गरिएको छ।

(ख) क्र.सं. १६ मा उल्लेख भएको "दश रुपैयाँ" भन्ने शब्दको सट्टा "बीस रुपैयाँ"

भन्ने शब्द राखी संशोधन गरिएको छ।

(ग) क्र.सं. १८ पछि देहाय बमोजिमको क्र.सं. १९ थप गरिएको छ :

| **क्र.सं.** | **विवरण** | **दर रेट रु.** | **कैफियत** |
|---|---|---|---|
| १९ | गाउँपालिका भित्र उत्खनन भएको ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) प्रति घ.मी. निकासी शुल्क | पचास रुपैयाँ | प्रति घ.मी. |

आज्ञाले,

**गौरीप्रसाद आचार्य**

प्रमुख प्रशासकीय अधिकृत